# क्याण्डल फिल्टर कसरी प्रयोग गर्ने ?



माथिल्लो भाँडोमा पानी भर्नुहोस्
र बिर्को (ढक्कन) बन्द गर्नुहोस् ।



फिल्टर भएर आएको पानी तत्काल तल खस्न थाल्दछ । माथिल्लो भाँडो पानीले पुरै भरिएको छ भने पानी छिटो-छिटो खस्दछ । तसर्थ, फिल्टरको माथिल्लो भाँडोमा पानी भरि हुने गरि राख्नुपर्दछ ।



फिल्टर भएको पानी तल्लो भाँडोमा जडान भएको धारा वा टुटीबाट थापेर लिन सकिन्छ ।

नोट : शुरुमा फिल्टर भएको पानी नमिठो र गन्ध आउने हुनसक्छ । तसर्थ, पहिलो ३ पटक फिल्टर भएको पानी पिउन बाहेकको कामका लागि प्रयोग गर्नुहोस् ।

# फिल्टरको क्याण्डल कसरी जडान गर्ने ?



सर्वप्रथम, तपाईले साबुन पानीले हात धुनुपर्छ ।



माथिल्लो भाँडोको पिँधमा क्याण्डल जडान गर्नुहोस् । वासर र पेज अर्थात स्क्रुलाई कस्नुहोस् । यो राम्रोसँग जडान भएको हुनुपर्छ र हल्लिएको हुनुहुँदैन ।



तल्लो भाँडोमा धाराको टुटी जडान गर्नुहोस् । वासर र स्क्रुलाई कस्नुहोस् । यो राम्रोसँग जडान भएको हुनुपर्छ र हल्लिएको हुनुहुँदैन ।



ढक्कनको समाउने भागको पेज अर्थात स्क्रुलाई राम्ररी नहल्लने गरी कस्नुहोस् ।



माथिल्लो भाँडो फेरि तलको भाँडो माथि राख्नुहोस् । पानी भर्न सजिलो हुनेगरी फिल्टरलाई भूँइ भन्दा केही माथि उचाईमा राख्नुहोस् ।

अब, फिल्टर प्रयोगको लागि तयार छ ।

# फिल्टरको क्याण्डल कसरी फेर्ने ?



तपाई बजारमा फिल्टर बेच्ने पसलबाट क्याण्डल किनेर ल्याउन सक्नुहुन्छ । सामान्यत : यसको मूल्य ८० देखि ३०० रुपैयाँ सम्म पर्दछ ।



वासर र स्क्रु खोलेर पुरानो क्याण्डल फिल्टरबाट हटाउनुहोस् ।



नयाँ क्याण्डल जडान गरी वासर र स्क्रु कस्नुहोस् । यो राम्रोसँग जडान भएको हुनुपर्छ र हल्लिएको हुनुहुँदैन ।

फिल्टरमा रहेको क्याण्डल चर्केको देखिएमा वा क्याण्डल सफा गरेपछि पनि पानीको थोपा धेरै सुस्त गतिमा खसेमा क्याण्डल फेर्नुपर्ने हुन्छ । एउटा फिल्टर क्याण्डल सामान्यत : ६ महिना देखि १ वर्ष सम्मचल्छ ।

# कसरी शुद्धीकरण गर्दछ ?




# फिल्टरमा रहेको क्याण्डल कसरी सफा गर्ने ?

१



सर्वप्रथम, तपाईले साबुन पानीले हात धुनुपर्छ ।

२



माथिल्लो भाँडो निकालेर एउटा सफा ठाउँमा राख्नुहोस् । तल्लो भाँडोमा छानिएको पानी माथिल्लो भाँडोमा क्याण्डल छोपिने गरी भर्नुहोस् ।

३



छानिएको पानी प्रयोग गरी क्याण्डललाई सफा कपडा वा नरम ब्रसले बिस्तारै हल्कासँग सफा गर्नुहोस् । साबुन वा क्लोरिन प्रयोग गर्नुहुँदैन ।

४



माथिल्लो भाँडोमा रहेको पानी फाल्नुहोस् ।

५



माथिल्लो भाँडो फेरि तलको भाँडो माथि राख्नुहोस् ।

जब माथिल्लो भाँडोबाट तल्लो भाँडोमा पानी झर्ने गति सामान्य भन्दा धेरै कम हुन्छ, हामीले फिल्टर क्याण्डल सफा गर्नु पर्ने हुन्छ । क्याण्डलको निरीक्षण गर्न र सफा गर्न प्रत्येक महिना कुनै खास दिन निर्धारण गर्दा उपयोगी हुन्छ ।

ENPHO Creating Eco Societies | CAWST | Global Affairs Canada

थप भिडियोहरू हेर्न क्यू आर कोड स्क्यान गर्नुहोस् ।

# क्याण्डल फिल्टरले पानी

